**नेकपा (माओवादी) द्वारा मानसिक तथा शारीरिक यातनापश्चात् हत्या गरिएका १६ बर्षीय बालक कुमार परियारका बारेमा तयार पारिएको**

स्थलगत अध्ययन–प्रतिवेदन

**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति** (HRTMCC)
सचिवालय
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
२०६३ आश्विन २ गते

**सारांश**

हतियार चोरी लुकाएको आरोपमा परियारलाई यातना दिइएको माओवादीले स्वीकार गरेको छ ।

घटनाका सम्बन्धमा प्राप्त जानकारी र घटनाभएको परिवेशको मूल्यांकन गर्दा मानवअधिकार सन्धि अनुगमन समन्वय समिति कुमार परियारको हत्या यातनाका कारण भएको निष्कर्शमा पुगेको छ । एक साता अघि यस्तै हत्यामा संलग्न कार्यकर्ताहरुको कब्जामा कुमारले कथित अनुसन्धानका नाममा निरन्तर यातना पाइरहेको थाहा हुँदा हुँदै पनि रोक्ने प्रयत्न नगर्नु माओवादी जिल्ला नेतृत्वको लापरवाही र मानवको जीवनको अधिकार प्रतिको उपेक्षा थियो भन्ने ठहर समितिले गरेको छ ।

बालबालिका सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ को धारा १९ ले बालबालिका विरुद्ध शारिरीक तथा मानसिक रुपमा हिंसा चोट तथा दुर्व्यवहार गर्न नपाईने प्रत्याभूति गरेको छ । धारा ३८ ले १८ वर्ष मुनिकालाई सशस्त्र बलमा नियुक्त गर्न र परिचालन गर्न नपाईने गरी बन्देज लगाएको छ । त्यसै गरी सशस्त्र संघर्षमा बालबालिकाहरुको अधिकार सम्बन्धी ऐच्छिक आलेख २००० ले पनि १८ वर्ष मुनिका बालबालिकालाई सशस्त्र युद्धमा संलग्न गराउन नपाउने व्यवस्था गरेकोछ । माओवादीको उक्त कार्यले बालबालिका सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ र ऐच्छिक आलेख २००० को समेत चरम उल्लघंन भएको छ । माओवादीको उक्त कार्य यातना तथा अन्य क्रूर अपमानजनक व्यवहार विरुद्धको महासन्धि १९८४ विरुद्ध छ ।

साथै सात राजनीतिक दलहरू र नेकपा (माओवादी) बीच २०६२ मंसिर ७ गते भएको १२ बुँदे समझदारी-पत्रको बुँदा नं. ८ मा शान्ति प्रक्रियालाई अघि बढाउने सन्दर्भमा मानवअधिकारका मूल्यमान्यताहरूलाई पूर्ण सम्मान गर्ने र ती मान्यताका आधारमा अघि बढ्ने कुरामा प्रतिबद्धता व्यक्त गरिएको छ । यस घटनाबाट सो प्रतिबद्धताको समेत पूर्ण रुपमा (ठाँडो) उल्लघंन भएको छ ।

माओवादीले आई एल ओ महासन्धि नं. १८२ ले जबरजस्ती सशस्त्र सैन्यबलमा बालबालिकालाई नियुक्त र प्रयोग गर्न बन्देज लगाएको छ । माओवादीको उक्त कार्यले यस महासन्धिको समेत उल्लघंन भएको छ ।

माओवादीले परियारलाई कब्जामा लिएपश्चात हत्या गरिएको घटना अध्ययनबाट पाइएकोले अब यस्ता कार्यहरू नगरी मानवअधिकार तथा माओवादीले हालसम्म जनाएका मानवअधिकारप्रतिको प्रतिवद्धता, शान्ति सम्झौता र समझदारीको पालना गर्न र कब्जा पश्चात हत्या गर्नेहरूलाई कारवाही गर्न मानवअधिकार सन्धि अनुगमन समन्वय समिति माग गर्दछ । माओवादीले यस्ता कार्यहरू नगरी शान्ति स्थापनामा प्रतिबद्ध रहन पनि माग गर्दछ ।

ने क पा माओवादी लम्जुडले कथित अनुसन्धानको नाममा पटक–पटक हत्यामा संलग्न हुने आफ्ना कार्यकर्ताहरुलाई कानुनी कार्वाहीका निम्ति प्रशासनसमक्ष बुझाइ दण्डहीनताको अन्त्य गर्न अग्रसर हुनु पर्छ भन्ने हाम्रो माग रहेको छ ।

**पृष्ठभूमि**

२०६३ भदौ २५ गते लम्जुङ जिल्लाको इशानेश्वर गाविस-२, लक्ष्मीबजारमा माओवादी कब्जामा रहेका भाचोक गाविस-९,कास्की निवासी १६ वर्षीय बालक कुमार परियारलाई नेकपा (माओवादी) को जनमिलिसिया सेक्सन कमाण्डर मोहन सहितको तीन जनाको एक समुहले उनलाई हतियार देखाउ भनि जिल्लाको सुदूरपूर्व श्रीमन्ज्याङ्ग गाविस वडा नं. २ हुदै लामागाँउ लगे । परियारलाई उनले माओवादी जनमिलिसियामा कार्यरत हुदाँ हतियार चोरी गरेको आरोपमा भदौ १७ गते कब्जामा लिई मानसिक र शारिरीक यातना दिदैआइरहेका थिए । परियारललाई माओवादीको सो समुहले भदौ २५ गते लामागाँउमा राखे । भदौ २६ गते उनलाई लामागाँउबाट केराबारीको जंगलतिर लखेटदै भीरतिर ल्याइयो र सोही क्रममा परियार भीरबाट करिव १०० मिटर तल हाडीखोलामा खसे । खोलामा खसेपश्चात उनलाई कुटपिट गरियो । २०६३ भदौ २६ गते बिहान ९:०० बजे उनको मृत्यु भयो । उक्त घटनाको मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको टोलीले मिति २०६३ भदौ ३० गते देखि आश्विन १ गतेसम्म सत्यतथ्य पत्ता लगाउन स्थलगत अध्ययन गरेको थियो ।

**अध्ययनको उद्देश्य**

१. घटनाको स्थलगत अध्ययन गर्ने ।
२. घटनाको सत्य तथ्य सहितको प्रतिवेदन तयार गर्ने ।

**अध्ययन पद्धती**

१. घटनास्थलको अवलोकन ।
२. घटनाका प्रत्यक्षदर्शी, पीडित, घटनास्थल वरपरका मानिसहरूसँग घटनाका सम्बन्धमा बुझ्ने ।
३. घटनाका सम्बन्धमा माओवादी, नागरिक समाज र राजनीतिक दलका प्रतिनिधिसँग बुझ्ने ।

**मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको तर्फबाट**
**अध्ययन टोली**

| | |
|---|---|
| १. लक्ष्मणदत्त पन्त | प्रलेख अधिकृत, इन्सेक, पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा (टोली संयोजक) |
| २. भुपेन्द्र खनाल | प्रलेख अधिकृत, एडभोकेसी फोरम, पोखरा |
| ३. शंकर नेपाली | बालमजदूर सरोकार केन्द्र, पोखरा |

४. सचिन घिमिरे — नेपाल बार एशोसिएसन, मानवअधिकार परियोजना, पोखरा
५. कृष्णप्रसाद अधिकारी — इन्सेक जिल्ला प्रतिनिधि, लमजुङ्ग

**घटनाको संक्षिप्त विवरण**

**घटना मितिः** २०६३ भदौ २६ गते
**घटना समयः** बिहान ९:०० बजे
**घटनास्थलः** लमजुङ्ग जिल्ला, श्रीमन्ज्याङ्ग गाविस वडा नं. २ को हाँडीखोला
**पीडकः** नेकपा (माओवादी)
**पीडितः** कुमार परियार

*तालिका नम्बर १*
**मृतकको विवरण**
**मृतक सर्वसाधारणको संख्याः १**

| क.स. | मृतक | लिङ्ग | उमेर | ठेगाना | पेशा | जम्मा संख्या | घटनाको प्रकृति |
|---|---|---|---|---|---|---|---|
| १. | कुमार परियार | पुरुष | १६ वर्ष | भाचोक गाविस-९, कास्की | माओवादी जनमुक्ति सेनामा कार्यरत | १ | यातना पश्चात मृत्यु |
| **जम्मा** | | | | | | **१ जना** | |




*तस्वीरः १. माओवादीद्वारा शारिरीक यातनापश्चात ०६३ भदौ २२ गते हत्या गरिएका सन्तबहादुर बिकलाई दिइएको यातनाबारे मानवअधिकार सन्धि अनुगमन समन्वय समितिका सदस्यहरूलाई भदौ २३ गते जानकारी गराउदै कुमार परियार । उक्त समयमा परियारले आफूले समेत माओवादीबाट यातना पाएको र माओवादीबाट आफू असुरक्षित रहेको बताएका थिए ।*



*तस्वीरः २. माओवादीले परियारको आफै हाम फालेर मृत्यु भएको भनिएको भीर । सो भीरबाट करिब १०० मिटर तल खोलामा पुरिएको अवस्थामा परियारको शव भेटिएको थियो ।*



*तस्वीरः ३. कुमार परियारको शव श्रीमन्ज्याङ र अर्चलबोट गाविसको सीमानामा अवस्थित हाँडीखोलामा माओवादीद्वारा पुरिएको अवस्थामा ।*



*तस्वीरः४. शव पुरिएको ठाँउबाट करिब ५० मिटर तल मृतकको पाइन्ट । परियारले भदौ २३ गते* इशानेश्वर गाविस वडा

**घटनास्थलको विवरण**

नेकपा (माओवादी) द्वारा मृतक कुमार परियारले आफै हाम फालेको भनिएको छ । माओवादीले श्रीमन्ज्याङ्ग गाविस वडा नं. २ को हाँडीखोलाको उत्तर पट्टीको पाखोबाट उनले हाम फालेको बताएका छन् । सो पाखो ढुंगाको चट्टानद्वारा बनेको, पूर्व तर्फबाट पश्चिम तर्फ बग्ने हाँडीखोलामा लाशलाई ठूलो कालो ढुंगाको खोचमा पहिले देखि नै रहेको खाल्डोमा पुरिएको अवस्थामा अर्चलबोट हुँदै लामागाँउ भन्ने स्थान जाने बाटोको हाडीखोला भन्ने ठाउँमा भेटिएका थियो । लाश पुरिएको ठाँउमा गन्ध आएको र भिँङ्गा समेत भन्किएको देखिन्थ्यो । मृतकको पाइन्ट करिब ५० मीटर तल खोलामा नै भेटिएको थियो । परियार लडेको भन्ने ठाँउको तल नदीमै शव पुरिएको र शवलाई नदीको मुख पट्टी उत्तर दिशातर्फ मुख र दक्षिण तर्फ गोडा गरि गाडिएको थियो । जुन ठाउमा माथि भिरबाट लाश खस्यो त्यही ठाउँमा पुरिएको भन्ने माओवादीको भनाई अनुसार लाश पुरिएको स्थानमा माथिबाट सिधै खस्न सक्ने अवस्था रहेको देखिएन ।

**घटना विवरण**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का जनमिलिसिया सेक्सन कमाण्डर मोहन सहितको तीन जनाको समुहले २०६३ भदौ २५ गते इशानेश्वर गाविस वडा नं.२ स्थित लक्ष्मीबजारमा माओवादी कब्जामा रहेका १६ बर्षीय बालक कुमार परियारलाई माओवादीबाट चोरेर लगिएको भनिएका हतियार देखाउन भनि जिल्लाको सुदूर पूर्व श्रीमन्ज्याङ्ग गाविस वडा नं. २ हुदै लामागाँउ लगे । परियारलाई भदौ २५ गते लामागाँउ राखी भदौ २६ गते हतियार लुकाएको ठाँउ देखाउन भनियो । सो क्रममा परियारलाई लामागाँउबाट उक्त समुहले केराबारी जंगलतिर हतियार देखा भन्दै लखेटदै ल्याएको र सोही क्रममा उनी भीरबाट खसी करिब १०० मिटर तल हाँडीखोलामा बजारिए । खोलामा खसेपछि परियार चिच्याएको र मोहन लगायतको समुहले उनलाई खोलामा गई कुटपिट गरी हत्या गरेको स्थलगत अध्ययनले देखाएको छ । माओवादीले २०६३ भदौ २२ गते इशानेश्वर गाविस वडा नं.२ स्थित लक्ष्मीबजारमा स्थानीय सन्तबहादुर बिकको हत्यामा संलग्न जनमिलिसिया सेक्सन

कमाण्डर मोहनलाई निलम्बन गरी कारवाही अगाडि बढाएको भने पनि परियारको हत्यामा उनको संलग्नता देखिएको छ । माओवादी जनमिलिसियाको नियन्त्रणमा रहेको अवस्थामा परियारको मृत्यु भयो । लाशको पोस्टमार्टम गरिएन ।

**घटनाका सम्बन्धमा प्रत्यक्षदर्शीको भनाई**

**सम्झना परियार (बर्ष ३४)**
**श्रीमन्ज्याङ्ग गाविस वडा नं. २**
म पानी लिनको लागि खोलामा गएकी थिए । विहान करिब ९ बजे तिर हो जस्तो लाग्छ ड्याङ्ग गरेको आवाज सुने । त्यसपछि मानिस बोलेको सुने र म पनि त्यतै तिर लागे । जाँदा रातो भेष्ट लगाएको केटा मरेको देखेकी हुँ । सो अवस्थामा रगत केही देखिएको थिएन । म लाश हेरे पछि फर्के । पछि माओवादीहरुले गाडेका हुन । माओवादीले गाडेर आए पछि मेरो घरमा आई पानी पिएर चोर हो खसेर मऱ्यो भनेका थिए ।

**सरस्वती कुँवर (बर्ष ४०)**
**अर्चलबोट गाविस, वडा नं. ५, कुँवर गाउँ**
विहान घाँस काट्नका लागि म हाँडीखोलाको पाखोमा गएकी थिए । विहान करिब ८.०० बजेको समय थियो होला हाँडीखोलाको उत्तर पट्टीको पाखोमा मैले घाँस काटी रहेको बेलामा दुई जना ब्यक्तिले एक जनालाई टाउको तर्फबाट एक जनाले उचालेको र अर्को एक जनाले खुट्टा तर्फबाट उचालेर झोलुङ्गो जस्तो बनाई लतारेको देखे । त्यसरी लतारेर केही पर लगेपछि केराबारीको डाँडामा लठ्ठीले कोदो चुटे झै पिटेका थिए । त्यहाँ एक जना अधबैसे जस्तो र अन्य दुई जना भरखरैका युवाहरु जस्ता देखिने तीन जना थिए । मैले किन हानेको होला नहान्नुस भने । तर मलाई नै ती हान्ने ब्यक्तिहरुले तपाई यता आउनुहोस भनी पालैपालो तीनै जनाले बोलाए । मलाई डर लाग्यो म गइन । त्यसपछि लुकेर आफ्नै काम गर्न लागे । मैले नपिट्नुस भन्दा पिटाई खाने केटाले टाउको उठाएको थियो । पछि पिटिएको स्थानमा हेर्दा ती कोही पनि थिएनन । कहाँ गए थाहा भएन । पछि घाँस काटी घर तिर आउने बाटोमा खाल्डो खनी पातीको डांठहरुले छोपेको, खोस्रेर पुरेको, टिशर्ट र पाइन्ट बाहिर देखिएको हुँदा पिटेको मानिस मरेछ र गाडेर गएका रहेछन भनी अनुमान गरे । मैले देख्दाका अवस्थामा तीन जना ब्यक्तिले मृतकलाई यी यहाँ रहेछ भनी फेला पारे जस्तो गरी एउटाले अरु साथीलाई बताए पछि उसलाई टाउको र खुट्टामा उचालेर केही पर लगी कुटपिट गरेका हुन । मैले बालक कसरी मऱ्यो देखिन । तर पिटाई खाए अनुसार उठेर हिंडन सक्ने अवस्था थिएन जस्तो लाग्छ ।

**चन्द्रबहादुर कुवँर**
**अर्चलवोट -५**
अघिल्लो दिन गाउकै वाटो हात बाँधेर लगेको मान्छे दोश्रो दिन २६ गते मरेको भन्ने थाहा पाएर सवै गाउँले मिलेर हेर्न गएको र लाश हेर्ने क्रममा घुँडा मुन्तिर कट्टु मात्र भएको त्यस देखि माथि कुनै वस्त्र नभएको पायौं । अनुहार खोलाको ढाँड भित्र गाडिदिएका कारण नदेखिएकोले हामीले ढुङ्गा निकालेर अनुहार हेर्ने प्रयास गरेनौ ।

| |
|---|
| **कुमार परियार-१६** |
| **भाचोक ९, कास्की (हाल माओवादीको कब्जामा)** |
| मलाई सुजन भन्ने पूर्व माओवादीले अह्राए अनुसार मैले माओवादी क्याम्पबाट एक थान ३०३ राइफल, ३४ राउण्ड गोली र एउटा ग्रीनेड लिएर भागेको थिएँ र यो इलाका लगायत सँगै जोडिएको कास्की जिल्लाका केही गाउँहरूमा पनि कहिले कुखुरा चोर्ने, कहिले पसलको चाउचाउ बिस्कुट आदि चोर्ने गर्दथें । मलाई चोरी गरेको आरोपमा गाउँले जनताले हतियारको गोली सहित पक्राउ गरे । मैले ती गोलीहरू जनतालाई नै बुझाई दिएँ । भदौ १७ गते मलाई जनताले माओवादीको जिम्मा लगाएका हुन् । मृतक सन्तबहादुर, म र सुजन एउटै समूहमा रहन्थ्यौं र सँगै चोरी गर्दथ्यौं । मृतकलाई चारजना माओवादीले नियन्त्रण गरेर ल्याएका हुन् । उ र म माओवादी नियन्त्रणमा परेपछि मैले सन्तबहादुरलाई के छ गोरे, सुजन कहाँ छ ? भनेर सोढ्दा झर्केर तँलाई चिन्दिन भन्यो । त्यसपछि माओवादीले १/२ लाठी हाने र तँलाई चिन्छु भन्यो । पहिला उसले ढाँटेको हुँदा कुटपिट भएको हो र कुटपिटपछि सुजनलाई पनि चिन्छु भन्यो । मृतकलाई हात पछाडी लगेर बाँधेर खुट्टा, साँप्रा, ढाड आदी भागमा मोहन दाई भन्ने माओवादीले पिटेका हुन् । मलाई पनि हात पछाडी बाँधेर पिटेका हुन् । म माओवादी नियन्त्रणबाट मुक्त भए पनि सुजनले छोड्दैन र मलाई सधैं खतरा हुन्छ, त्यसकारण म घरमा गएर बस्न सक्दिन । *( माओवादीद्वारा शारिरीक यातनापश्चात ०६३ भदौ २२ गते हत्या गरिएका सन्तबहादुर बिकलाई दिइएको यातनाबारे मानवअधिकार सन्धि अनुगमन समन्वय समितिका सदस्यहरूलाई भदौ २३ गते जानकारी गराउने क्रममा कुमार परियार)* |

**घटनाको सम्बन्धमा माओवादीको भनाई**

**बुद्धिराम तमु**
**माओवादी जनसरकार प्रमुख, लम्जुङ्ग**
देशमा शान्तिवार्ता चलिरहेको वेला त्यस्तो घटना गराउने हाम्रो चाहना होइन । जति ध्यान पुऱ्याउन पर्ने हो हाम्रो तर्फवाट ध्यान पुग्न नसक्दा कुमारको मृत्यु भयो । यसमा दुःख ब्यक्त गर्न चाहन्छौ । हाम्रो घटना गराउने नियत होइन । उसलाई थ्रिनट थ्रि राइफल १ थान, ३४ राउण्ड गोली र हाते ग्रिनेड लिएर भागेको कारण कब्जामा लिइएको थियो । हतियारवाट अर्को अप्रिय घटना नहोस भनेर हतियार खोज्न लाने क्रममा भीरवाट हाम फालेर उ मरेको हो । घटनामा संलग्न ३ जना व्यक्तिलाई जनतामाझ सार्वजनिक गरिने नै छ । घटना भइसकेपछि यसको जानकारी कास्की जिल्ला जनसरकार मार्फत परिवारमा पुऱ्याउन कास्कीलाई जानकारी गराइ सकिएको छ । माओवादीको अन्तिम कारवाही भनेको श्रम शिविर भएको र यसमा कारवाही गर्ने प्रक्रियामा अत्यन्त त्रुटी भएको छ । हामीले पीडित परिवारलाई क्षतिपूर्ति दिने प्रयास गरिरहेका छौं ।

<u>प्रताप (देवेन्द्र पौडेल)</u>

**<u>सचिवालय सदस्य, ने क पा माओवादी, लम्जुङ्ग</u>**

यो घटना गराउने दोषीलाई जनता सामु सार्वजनिक गरिने र जनतावाट जे निर्णय आउछ त्यो आफूहरुलाई स्वीकार्य हुने छ। कुमारले हतियार यता र उता लुकाएको छु भनी दुःख दिने कममा जङ्गलमा लगेको र देखाउन नसक्दा मानसिक यातना प्रशस्त भएको हुनसक्छ। तर उसलाई भीरवाट समूहले खसाउने काम गरेको नभई आफै भीरवाट हाम फालेर मृत्यु भएको हो। कुमार परियारलाई मार्नुभन्दा पनि बचाउनमा हामीलाई फाइदा हुन्थ्यो किन भने उसवाट हामीलाई हतियार लुकाएका अन्य घटना पनि थाहा पाउनु थियो। त्यसकारण पनि भदौ २५ गते ओखरी (लामागाँउ) गौडा-१ ल्याइयो। मान्छेहरु भएको ठाँउमा भाग्न खोज्यो त्यसकारण हात पछाडी बाधेर लगिएको हो। त्यहाँ राखेको ठाँउ विर्सेछु भनि देखाएन। भदौ २६ गते विहान मञ्ज्याङ गाँउ भन्दा तल राखेको छु भन्यो र त्यतै लगियो। उ जङ्गल नजिक पुगेपछि झाडी हुदै भाग्यो र भाग्ने कममा भिरवाट गुल्टिएर लडी मृत्यु भएको हो।

**निष्कर्ष तथा सुझाव**

प्रत्यक्षदर्शी, स्थानीयबासी र घटनाको स्थलगत अध्ययन अनुसार नेकपा (माओवादी) ले कुमार परियारलाई हतियार चोरी लुकाएको आरोपमा आफ्नो नियन्त्रणमा राखेको समयमा परियारको मृत्यु पाइयो।

माओवादीको भनाईअनुसार परियारको मृत्यु माथिबाट खसेर वा हामफालेर भएको थयो भने वरिपरि रहेका घाँस काट्ने व्यक्ति वा नजिक घरकालाई लाश देखाउनु पर्ने देखाइएको छैन। गाउँलेहरुले लाश हेर्दा पाइन्ट खोली बाहिरै फालिएको, मृतकको कट्टु समेत खोलिएको र नाङ्गै रहेको अवस्थामा लाश भेटिएको हुँदा मृतकको पहिचान मेटने तथा लाश चाडै गलाउने उद्देश्य रहेको देखिन्छ।

लाशको हात खुट्टा पुरै सुन्निएको अवस्थामा गाउँलेले देखेको, रगत खोलामा कतै नदेखिएको बताएका छन्। ओखरी भन्ज्याङ्ग तर्फबाट केराबारी सम्म ल्याउदा माओवादीहरुले कुमार परियारलाई मुखमा थुक्ने, लट्ठीले पिटेने, चोर हो भन्दै गोरुलाई पिटेर हिडाएको झै गरी तीन जना -मोहन, जीवन र अर्को एक जनाले ल्याएको पाइयो।

माओवादीले घटनाको बारेमा तत्काल जानकारी नगराउनु तथा मृतकको घर ठेगाना थाहा हुँदा हुँदैपनि खबर नगर्नु एवं इशानेश्वरको लक्ष्मीबजारमा माओवादीका नेताले कुमार परियारका बारेमा व्यक्त विचार र बेसीशहरमा व्यक्त विचारमा फरक पाइनु, सन्तबहादुरको हत्यामा माओवादीले भुल स्वीकार गरी दोषीलाई अनुसन्धान पछि कारवाही गर्ने विज्ञप्ति प्रकाशित गर्नु तर दोषीहरुलाई नै कुमार परियार जिम्मा लगाउनु, परियारलाई यातना दिएको कुरामा माओवादीले गल्ती स्वीकार गर्नु र मृतक कुमारलाई कुटपिट गर्ने माओवादी कार्यकर्ताले आज फेरी अर्को चोरलाई मारेर आईयो भनी गाउँलेहरुलाई भन्दै हिड्नु जस्ता स्थलगत दृश्यहरूले कुमार परियारको माओवादीद्धारा हत्या गरिएको पुष्टी हुन्छ।।

हतियार चोरी लुकाएको आरोपमा परियारलाई यातना दिइएको माओवादीले स्वीकार गरेको छ।

<u>घटनाका सम्बन्धमा प्राप्त जानकारी र घटनाभएको परिवेशको मूल्यांकन गर्दा मानवअधिकार सन्धि अनुगमन समन्वय समिति कुमार परियारको हत्या यातनाका कारण भएको निष्कर्शमा पुगेको छ। एक साता अघि यस्तै हत्यामा संलग्न कार्यकर्ताहरुको कब्जामा कुमारले कथित अनुसन्धानका नाममा निरन्तर यातना पाइरहेको थाहा हुँदा हुँदै पनि रोक्ने प्रयत्न नगर्नु माओवादी जिल्ला नेतृत्वको लापरवाही र मानवको जीवनको अधिकार प्रतिको उपेक्षा थियो भन्ने ठहर समितिले गरेको छ।</u>

बालबालिका सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ को धारा १९ ले बालबालिका विरुद्ध शारिरीक तथा मानसिक रुपमा हिंसा चोट तथा दुर्व्यवहार गर्न नपाईने प्रत्याभूति गरेको छ। धारा ३८ ले १८ वर्ष मुनिकालाई सशस्त्र बलमा नियुक्त गर्न र परिचालन गर्न नपाईने गरी बन्देज लगाएको छ। त्यसै गरी सशस्त्र संघर्षमा बालबालिकाहरुको अधिकार सम्बन्धी ऐच्छिक आलेख २००० ले पनि १८ वर्ष मुनिका बालबालिकालाई सशस्त्र युद्धमा संलग्न गराउन नपाउने व्यवस्था गरेकोछ। माओवादीको उक्त कार्यले बालबालिका सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ र ऐच्छिक आलेख २००० को समेत चरम उल्लघंन भएको छ। माओवादीको उक्त कार्य यातना तथा अन्य क्रूर अपमानजनक व्यवहार विरुद्धको महासन्धि १९८४ विरुद्ध छ।

साथै सात राजनीतिक दलहरू र नेकपा (माओवादी) बीच २०६२ मंसिर ७ गते भएको १२ बुँदे समझदारी-पत्रको बुँदा नं. ८ मा शान्ति प्रक्रियालाई अघि बढाउने सन्दर्भमा मानवअधिकारका मूल्यमान्यताहरूलाई पूर्ण सम्मान गर्ने र ती मान्यताका आधारमा अघि बढ्ने कुरामा प्रतिबद्धता व्यक्त गरिएको छ। यस घटनाबाट सो प्रतिबद्धताको समेत पूर्ण रुपमा ( ठाँडो) उल्लघंन भएको छ।

माओवादीले आई एल ओ महासन्धि नं. १८२ ले जबरजस्ती सशस्त्र सैन्यबलमा बालबालिकालाई नियुक्त र प्रयोग गर्न बन्देज लगाएको छ। माओवादीको उक्त कार्यले यस महासन्धिको समेत उल्लघंन भएको छ।

माओवादीले परियारलाई कब्जामा लिएपश्चात हत्या गरिएको घटना अध्ययनबाट पाइएकोले अब यस्ता कार्यहरू नगरी मानवअधिकार तथा माओवादीले हालसम्म जनाएका मानवअधिकारप्रतिको प्रतिवद्धता, शान्ति सम्झौता र समझदारीको पालना गर्न र कब्जा पश्चात हत्या गर्नेहरूलाई कारवाही गर्न मानवअधिकार सन्धि अनुगमन समन्वय समिति माग गर्दछ। माओवादीले यस्ता कार्यहरू नगरी शान्ति स्थापनामा प्रतिबद्ध रहन पनि माग गर्दछ।

<u>ने क पा माओवादी लम्जुडले कथित अनुसन्धानको नाममा पटक–पटक हत्यामा संलग्न हुने आफ्ना कार्यकर्ताहरुलाई कानुनी कार्वाहीका निम्ति प्रशासनसमक्ष बुझाइ दण्डहीनताको अन्त्य गर्न अग्रसर हुनु पर्छ भन्ने हाम्रो माग रहेको छ।</u>